**Chaturbhujeshwar Academic Journal**
Volume 03, Issue 01, 2025. pp. 139–150
Research Article
DOI: https://doi.org/10.3126/caj.v3i1.86876

# नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र प्रभाव

**कृष्णराज ढकाल[१], दावा शेर्पा[१], सिर्जना घिमिरे[२], डम्बरबहादुर पुन[३], अशोक कुमार यादव[४]**
[१]नेपाली शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस
[२]नेपाली शिक्षा विभाग, मङ्गल बहुमुखी क्याम्पस
[३]अनुगमन निर्देशनालय, त्रिभुवन विश्वविद्यालय
[४]सूर्यनारायण सत्यनारायण मोरबैता यादव बहुमुखी क्याम्पस सिरहा

**लेखसार**

प्रस्तुत आलेख नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको वास्तविक अवस्था र त्यसको प्रभाव पहिचान गर्नमा केन्द्रित रहेको छ। यो दार्शनिक आधार व्यवहारवाद र निर्माणवाद सिद्धान्तमा आधारित छ। अध्ययनले गुणात्मक र परिमाणात्मक दुवै ढाँचाको मिश्रित दृष्टिकोण अवलम्बन गरेको छ। तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्ता, समूह छलफल, प्रश्नावली र कक्षा अवलोकन विधिहरू प्रयोग गरिएका छन्। अन्तर्वार्ता, समूह छलफल र अवलोकनबाट प्राप्त विवरणलाई गुणात्मक रूपमा व्याख्यात्मक विश्लेषण गरिएको छ भने प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई प्रतिशत निकालेर तालिकागत रूपमा प्रस्तुत गरिएको छ। आर्थिक, भौतिक र तालिमगत सीमाका कारण देखिएका समस्याको समाधानका लागि विद्यालयलाई स्रोतसाधनमा सुदृढ बनाउने, शिक्षक तालिमलाई व्यवहारमुखी गर्ने, विद्यालय–समुदाय सहकार्य बढाउने र नीतिगत स्तरमा सामग्री प्रयोगलाई शिक्षण मूल्याङ्कनसँग जोड्ने आवश्यकता देखिन्छ। अन्ततः नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग प्रभावकारी शिक्षण र विद्यार्थीको भाषिक सिप विकासका लागि अपरिहार्य छ। प्रस्तुत अध्ययनले शिक्षक, विद्यालय प्रशासन, सरोकारवालाहरूको सक्रिय प्रयासबाट मात्र शैक्षिक सामग्रीको पर्याप्त प्रयोग सुनिश्चित गर्न सकिने निष्कर्ष निकालिएको छ।

*मुख्य शब्दावली* : नेपाली भाषा, शैक्षिक सामग्री, माध्यमिक तह, सिकाइ प्रक्रिया, चुनौती

***Corresponding Author***
Dr. Dawa Sherpa
***Email***
sherpadawa2023@gmail.com
***Article History***
Received: 2025, Sept. 10
Accepted: 2025, Nov. 15
***Cite***
Dhakal, K. R., Sherpa, D., Ghimire, S., Pun, D. B., & Yadav, A. K. (2024). नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग र प्रभाव. *Chaturbhujeshwar Academic Journal* (*CAJ*), *3*(1), 139–150. https://doi.org/10.3126/caj.v3i1.86876

## विषय परिचय

यस अध्ययन नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको वास्तविक अवस्था र त्यसको प्रभाव पहिचान गर्न तयार पारिएको हो, जसको दार्शनिक आधार व्यवहारवाद र निर्माणवाद सिद्धान्तमा आधारित छ। पाठ्यक्रमले निर्धारण गरेका लक्ष्यहरू हासिल गर्न, शिक्षण–सिकाइ प्रक्रिया रोचक, सहज, सरल र प्रभावकारी बनाउन कक्षामा प्रयोग हुने सबै साधन वा सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ। शिक्षण सामग्रीमा विद्यार्थीहरूले सिर्जना गरेका जस्तै भिडियो व्याख्यानहरू, परीक्षण प्रश्नहरू, शैक्षिक पाठ्यपुस्तकहरू र शैक्षिक खेलहरू समावेश हुन्छन् (Kobayashi, 2023)। शैक्षिक सामग्रीको प्रयोगले शिक्षणलाई रोचक, दीर्घकालीन र परिणाममुखी बनाउन सहयोग पुऱ्याउँछ। शिक्षकले केवल मौखिक रूपमा विषयवस्तु प्रस्तुत गरेर शिक्षण पूरा गर्न सक्दैनन्। त्यसैले शिक्षणको सफलताका लागि शैक्षिक सामग्रीको प्रयोग अनिवार्य र महत्त्वपूर्ण हुन्छ। Garay & Hattie (2025) ले विभिन्न प्रकारका शिक्षण सामग्रीहरूले शिक्षण डिजाइन र व्यावसायिक विकास तथा शिक्षकको विकासशील भूमिकालाई प्रकट गर्दछ भनेका


Copyright © 2025: Chaturbhujeshwar Janata Multiple Campus, Harion, Sarlahi, Nepal

छन् । Choppin (2022) को अध्ययनअनुसार शिक्षकहरूले गणितका साझा आधार राज्यीय मापदण्ड (सरकारद्वारा तोकिएका शैक्षिक मापदण्ड) का लक्ष्यहरूभन्दा बढी आफूले प्रयोग गर्ने शैक्षिक सामग्रीका विशेषतालाई आधार मानेका छन्, जसमा सोच विकसित गराउने प्रकारका सामग्रीहरूले कक्षामा बहुआयामिक र गैरनियमित कडा गतिविधिहरू उत्पन्न गरेका छन् भने केवल जानकारी प्रवाह गर्ने प्रकारका सामग्रीहरूले सामान्य प्रक्रियात्मक कठोरता मात्र उत्पन्न गरेका छन् भन्ने कुरा देखाएका छन् । Nunan (1988) ले उपयुक्त शैक्षिक सामग्रीहरूको चयन पाठ्यक्रम डिजाइनमा सबैभन्दा महत्त्वपूर्ण कार्यहरूमध्ये एक हो र यी सामग्रीहरूले शिक्षार्थीहरूले प्राप्त गर्ने भाषिक इनपुट र कक्षामा हुने भाषा अभ्यासको आधारको रूपमा काम गर्छन् भन्ने सन्दर्भ उल्लेख गरेका छन् ।

परम्परागत शिक्षण पद्धतिमा केवल पाठ्यपुस्तकमाथि निर्भर गरिन्थ्यो, जसका कारण शिक्षण पर्याप्त प्रभावकारी हुन सक्दैनथ्यो । यसप्रकारको शिक्षण अस्थायी हुने मात्र होइन विद्यार्थी केन्द्रिततामा पनि कमी देखिन्थ्यो । तर शैक्षिक सामग्रीको प्रयोगले थोरै प्रयासमा धेरै कुरा सिकाउन सकिने, विद्यार्थीको ध्यान केन्द्रित गराउन सकिने, सिकाइलाई स्थायी बनाउन सकिने र उनीहरूको जिज्ञासा उत्पन्न गर्न सकिने देखिन्छ । विशेषतः नेपाली भाषा शिक्षणमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार प्रमुख सिपको विकास आवश्यक हुने भएकाले शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य ठानिन्छ । Richards (2001) ले शैक्षिक सामग्रीहरू अधिकांश भाषा कार्यक्रमहरूका प्रमुख अवयव हुने उल्लेख गर्दै शिक्षकले पाठ्यपुस्तक, संस्थागत रूपमा तयार पारिएका सामग्री वा आफैँले बनाएका सामग्री जुनसुकै प्रयोग गरे पनि ती सामग्रीहरूले शिक्षार्थीलाई प्रदान गरिने भाषिक इनपुट र कक्षाभित्र हुने भाषा अभ्यासको आधारका रूपमा काम गर्ने स्पष्ट पारेका छन् । भाषिक सिपमा दक्षता बढाउन, भाषा तत्त्वअनुसार सुझाव प्रदान गर्न, अभिव्यक्ति क्षमतामा वृद्धि गर्न, पाठ बुझ्न सजिलो बनाउन र सिकाइलाई स्थायी बनाउन शैक्षिक सामग्री उपयोगी हुन्छ । कक्षामा अध्यापन गर्दा विद्यार्थीलाई सजिलो ढङ्गले बुझाउन प्रयोग गरिने सबै वस्तु वा साधन (रेडियो शिक्षण, तालिम पुस्तिका) लाई शैक्षिक सामग्रीका रूपमा लिइन्छ । त्यसैगरी पाठ्यपुस्तकबाहेक पाठलाई स्पष्ट बनाउन, त्यसका लागि उपयुक्त वातावरण सिर्जना गर्न र सिकाइलाई दीगो बनाउन प्रयोग हुने साधन पनि शैक्षिक सामग्री मानिन्छ (प्राथमिक शिक्षक तालिम पुस्तिका) । भाषिक सिप र सम्बन्धित पक्षको विकासका लागि आवश्यक सबै साधन वा सामग्री भाषा शिक्षणका सामग्री हुन् । भाषाका विभिन्न सिप र साहित्यिक पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षणका लागि शिक्षकले प्रयोग गर्ने सहायक सामग्रीहरूलाई पनि शैक्षिक सामग्रीको रूपमा लिन सकिन्छ (शर्मा र पौडेल, २०६० पृ. २०३) । आजको विकसित समाजमा पुरानो व्याख्यान–केन्द्रित विधि मात्र पर्याप्त नहुने भएकाले भाषा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरूको निर्माण र प्रयोग दिनप्रतिदिन बढ्दै गएको छ । यी सामग्रीहरूलाई दृश्य, श्रव्य, श्रव्य–दृश्य र स्पर्श गरी चार भागमा वर्गीकरण गर्न सकिन्छ । शैक्षिक सामग्रीको प्रयोगले सिकाइलाई सरल, सहज, रोचक, प्रभावकारी र दिगो बनाउँछ । यसले विद्यार्थीको भाषिक क्षमता तथा सिपको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने स्पष्ट हुन्छ ।

यस अध्ययन नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको वास्तविक अवस्था र त्यसको प्रभाव पहिचान गर्न तयार पारिएको हो, जसको दार्शनिक आधार व्यवहारवाद र निर्माणवाद सिद्धान्तमा आधारित छ । व्यवहारवादले सिकाइलाई शिक्षकद्वारा नियन्त्रित व्यवहार परिवर्तनको प्रक्रिया मान्दछ भने निर्माणवादले विद्यार्थीलाई सक्रिय रूपमा ज्ञान निर्माण गर्ने व्यक्तिको रूपमा हेर्छ । यी दुवै सिद्धान्तहरू शैक्षिक सामग्रीको प्रयोगमा प्रत्यक्ष रूपमा सम्बद्ध छन् । व्यवहारवादले उत्तेजना–प्रतिक्रिया माध्यमबाट सिकाइलाई सुदृढ गर्न सहयोग पुऱ्याउँछ भने निर्माणवादले विद्यार्थीको अनुभव र अन्तर्क्रियाबाट ज्ञान निर्माण गर्ने अवसर प्रदान गर्छ । यस सैद्धान्तिक पृष्ठभूमिमा आधारित रही प्रस्तुत अध्ययन नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको वास्तविक अवस्था र त्यसको प्रभाव पहिचान गर्न केन्द्रित छ । शिक्षण–सिकाइ प्रक्रिया सफल बनाउनका लागि कक्षामा प्रयोग हुने सबै उपकरण, साधन वा स्रोतहरूलाई शैक्षिक सामग्री भनिन्छ । यसमा विद्यार्थीहरूले सिर्जना गरेका भिडियो व्याख्यान, परीक्षण प्रश्न, शैक्षिक पाठ्यपुस्तक, चित्र, श्रव्य–दृश्य सामग्री र शैक्षिक खेलहरू समावेश हुन्छन् । शैक्षिक सामग्रीले

शिक्षणलाई रोचक, दीर्घकालीन र परिणाममुखी बनाउने भूमिका निर्वाह गर्दछ । शिक्षकले केवल मौखिक रूपमा विषयवस्तु प्रस्तुत गर्दा शिक्षण अस्थायी र एकोहोरो हुन सक्छ, तर दृश्य, श्रव्य र प्रयोगात्मक सामग्रीको प्रयोगले विद्यार्थीको संलग्नता, बुझाइ र सृजनशीलता उल्लेखनीय रूपमा बढाउँछ। Lamichhane (2025) ले गण्डकी प्रदेशका माध्यमिक विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोगसम्बन्धी अध्ययनमा देखाएका छन् कि अधिकांश शिक्षकले सामग्री प्रयोगलाई आवश्यक ठान्छन् तर व्यवहारमा प्रयोगको स्तर न्यून रहन्छ। त्यसैगरी Copriady et al. (2025) को अध्ययनले शिक्षक तालिम, भौतिक पूर्वाधार र विद्यालयको नीतिगत सहयोगबिचको अन्तरसम्बन्धले सामग्री प्रयोगमा प्रत्यक्ष प्रभाव पार्ने निष्कर्ष निकालेका छन् । Kathirvel & Hashim (2020) ले नेपाली भाषा शिक्षणमा प्रयोग गरिने श्रव्य–दृश्य सामग्रीले विद्यार्थीको भाषिक सिप विकास र कक्षाको सहभागितामा सकारात्मक प्रभाव पार्ने देखाएका छन् । अन्तर्राष्ट्रिय सन्दर्भमा Olayinka (2016) ले भारतका माध्यमिक विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोग र विद्यार्थीको सिकाइ उपलब्धिबिच सशक्त सहसम्बन्ध रहेको प्रतिवेदन दिएका छन्। यी सबै अनुभवजन्य अध्ययनहरूले देखाउँछन् कि सामग्री प्रयोगमा शिक्षक तालिम, स्रोतको उपलब्धता र विद्यालय प्रशासनको सहयोग निर्णायक तत्त्व हुन्। नेपालको अधिकांश विद्यालयहरूमा अझै पनि परम्परागत पाठ्यपुस्तक–केन्द्रित शिक्षण पद्धति प्रचलित छ, जसले विद्यार्थी केन्द्रित र क्रियाशील सिकाइलाई सीमित बनाउँछ। नेपाली भाषा शिक्षणमा विशेषतः सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार भाषिक सिपको विकास आवश्यक हुने भएकाले शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य ठानिन्छ। अध्ययनकर्ताको लामो शिक्षण–अनुभव, विद्यालय अनुगमन र शिक्षक तालिमका क्रममा प्राप्त तथ्यहरूले पनि देखाएका छन् कि धेरै शिक्षकहरूले सामग्री प्रयोगको आवश्यकता स्वीकारे पनि व्यवहारमा यसको प्रयोग असङ्गठित र असन्तोषजनक छ । त्यसैले प्रस्तुत अध्ययनले अघिल्ला अनुभवजन्य प्रमाण र सैद्धान्तिक दृष्टिकोणलाई संयोजन गरी नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वास्तविकता, समस्या र त्यसको प्रभाव विश्लेषण गर्ने उद्देश्य राखेको छ । अध्ययनले शिक्षण सामग्रीको योजनाबद्ध, सृजनात्मक र निरन्तर प्रयोगले नेपाली भाषा शिक्षणलाई जीवन्त, आकर्षक र उद्देश्यपूर्ण बनाउन कसरी सहयोग पुऱ्याउँछ भन्ने विषयमा वैज्ञानिक आधार प्रस्तुत गर्दछ।

## समस्या कथन

शिक्षा प्राली हाल तीव्र गतिमा परिवर्तन भइरहेको। आधुनिक प्रविधि र कृत्रिम बुद्धिमत्ताको समावेशसँगै शिक्षा प्रणालीले ज्ञान संरक्षण, व्यवस्थापन र स्थानान्तरणका नयाँ साँचीहरू अपनाइरहेको छ (Ananda et al., 2023) नेपाली भाषा सिकाइका विधिहरू पनी डिजिटलीकरण र एआईमा आधारित नयाँ उपकरणहरूको प्रयोगबाट प्रभावकारी रूपमा विकास भइरहेका छन्। टलकपल जस्ता एपहरूले संवाद आधारित अभ्यास, उच्चारण सुधार र सांस्कृतिक सन्दर्भमा सिकाइलाई सहज बनाएका छन्। यसरी, नेपाली भाषा सिकाइले परम्परागत पाठ्यक्रमभन्दा फरक गरी थप संवादात्मक, व्यक्तिगत र प्रयोगमुखी रुप लिइरहेको छ जसले सिकाइलाई थप प्रभावशाली बनाउँछ (Ananda et al., 2025a; b)।

यस अनुसन्धानको मूल समस्या कक्षामा शैक्षिक सामग्रीको प्रयोग न्यून हुनु हो। विद्यालयहरूमा पर्याप्त स्रोत र सामग्रीको अभावले शिक्षण–अध्ययन प्रक्रियामा अवरोध पुऱ्याइरहेको छ भने शिक्षकहरूले सामग्रीको प्रभावकारी प्रयोग गर्न आवश्यक प्रशिक्षण नपाउनु अर्को चुनौतीका रूपमा देखिन्छ। यस्ता अवस्थाले विद्यार्थीको सिकाइ अनुभव, पाठको बुझाइ तथा कक्षा सहभागितामा प्रतिकूल प्रभाव पारेको छ। उक्त समस्यालाई केन्द्रीभूत गर्दै यस अध्ययनले तनहुँ जिल्लाका माध्यमिक तहका विद्यालयहरूमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको वास्तविक अवस्था पत्ता लगाउने, शिक्षकहरूले सामना गरिरहेका कठिनाइ पहिचान गर्ने र तिनको समाधानका उपायहरू खोज्ने उद्देश्य राखेको छ। यसैअनुसार यस अनुसन्धानले निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छ : नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था कस्तो छ ? प्रयोगका क्रममा शिक्षकहरूले कुन–कुन समस्या सामना गरिरहेका छन् ? र कक्षामा शैक्षिक सामग्रीको प्रयोगलाई प्रभावकारी बनाउन के–कस्ता उपायहरू अपनाउन सकिन्छ ? यो शैक्षिक सामग्री प्रयोगसम्बन्धी सामान्य अध्ययन भए पनि विशेषतः माध्यमिक तहमा नेपाली भाषा शिक्षणसँग प्रत्यक्ष सम्बन्धित अनुसन्धान न्यून पाइन्छ। अघिल्ला अध्ययनहरू शिक्षण पद्धति, पाठ्यपुस्तक वा सामान्य कक्षा समस्यामा केन्द्रित भए तापनि शैक्षिक सामग्रीको उपलब्धता, प्रयोग, चुनौती र समाधानबारे व्यवस्थित रूपमा प्रकाश पारिएको देखिँदैन। यही रिक्ततालाई पूरा गर्न यस अनुसन्धान अघि

सारिएको हो । यस अध्ययनले माध्यमिक तहमा शैक्षिक सामग्री प्रयोगको वास्तविकता उजागर गर्ने भएकाले नीति निर्माण गर्ने निकाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक र सरोकारवालाहरूका लागि सन्दर्भ सामग्री बन्न सक्छ । यसले शिक्षकलाई शैक्षिक सामग्रीको प्रभावकारी प्रयोगमा सचेत गराउने मात्र नभई स्रोत व्यवस्थापन र प्रशिक्षण आवश्यकताको पहिचानमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । साथै यसबाट प्राप्त नतिजाले आगामी अनुसन्धानका लागि आधार प्रदान गर्नुका साथै शिक्षण–अध्ययन प्रक्रियाको गुणस्तर वृद्धि गर्न मार्गदर्शन गर्ने महत्त्वपूर्ण योगदान गर्नेछ।

## अध्ययनको उद्देश्य

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था, सामना गरिएका समस्या र समाधानका उपायहरू पत्ता लगाउनु ।

## अनुसन्धान विधि

यस अध्ययनमा गुणात्मक र परिमाणात्मक दुवै प्रकारका तथ्याङ्क प्रयोग भएकाले यो मिश्रित ढाँचामा आधारित छ । अन्तर्वार्ता, कक्षा अवलोकन र स्थलगत अध्ययनबाट सङ्कलित विवरणलाई वर्णनात्मक तथा व्याख्यात्मक ढाँचामा प्रस्तुत गरिएकाले यसले गुणात्मक पक्षलाई प्रतिनिधित्व गर्दछ भने प्रश्नावलीमार्फत सङ्कलित तथ्याङ्कलाई प्रतिशतका आधारमा तालिकागत रूपमा प्रस्तुत गरिएकाले परिमाणात्मक पक्षलाई पनि समेटेको छ। विद्यालय र उत्तरदाता छनौटमा उद्देश्यपूर्ण नमुना छनौट विधि प्रयोग गरिएको छ। गण्डकी प्रदेशअन्तर्गत तनहुँ जिल्लाका विभिन्न भौगोलिक क्षेत्रलाई प्रतिनिधित्व गर्ने गरी आठवटा माध्यमिक विद्यालयलाई नमुनामा राखिएको हो। विद्यालय छनौट गर्दा भौगोलिक विविधता, विद्यालयसम्मको पहुँच, विद्यार्थी सङ्ख्या र नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्थालाई प्रमुख मापदण्ड मानिएको छ। यस अध्ययनका लागि उत्तरदाता मुख्यतया नेपाली भाषा अध्यापन गर्ने शिक्षक, विद्यार्थी र विद्यालयका प्रधानाध्यापक रहेका छन् । प्रत्येक विद्यालयबाट नेपाली विषयमा औसतभन्दा बढी रुचि र सहभागिता देखाउने एक जना विद्यार्थीलाई उद्देश्यपूर्ण नमुना छनोट विधिबाट चयन गरिएको हो । अनुसन्धान अघि बढाउनुअघि उत्तरदातालाई अनुसन्धानको उद्देश्य, प्रक्रिया र प्रयोग हुने विधिबारे स्पष्ट जानकारी दिइएको थियो। उनीहरूको मौखिक सहमति प्राप्त गरेपछि मात्र प्रश्नावली वितरण, अन्तर्वार्ता र कक्षा अवलोकन कार्य सम्पन्न गरिएको हो। उत्तरदाताको गोपनीयता कायम राखिएको छ र सङ्कलित तथ्याङ्कलाई केवल शैक्षिक प्रयोजनका लागि मात्र प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि अवलोकन फाराम र प्रश्नावली तयार पारेर प्राथमिक तथा द्वितीय दुवै स्रोत प्रयोग गरिएको छ। साथै विद्यालयका आधिकारिक अभिलेख र रेकर्ड परीक्षण गरी अध्ययनलाई थप प्रामाणिक बनाइएको छ। शिक्षक, विद्यार्थी र प्रधानाध्यापकका लागि छुट्टाछुट्टै प्रश्नावली निर्माण गरी शैक्षिक सामग्रीको प्रयोग स्थिति, विद्यमान चुनौतीहरू तथा सुधारका सम्भावित उपायहरूसम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ। सङ्कलित तथ्याङ्कलाई व्यवस्थित रूपमा वर्गीकरण, विश्लेषण र व्याख्या गरी यस अध्ययनमा प्रस्तुत गरिएको छ।

## तथ्याङ्कको विश्लेषण

यस अध्ययनमा सङ्कलित तथ्याङ्कहरूको विश्लेषण गर्दा माध्यमिक विद्यालयहरूमा नेपाली भाषा शिक्षणका क्रममा शैक्षिक सामग्रीको प्रयोग सैद्धान्तिक रूपमा अत्यावश्यक र अनिवार्य ठानिए पनि व्यावहारिक पक्ष त्यति सन्तोषजनक देखिएन । नमूना विद्यालयका नेपाली भाषा शिक्षकहरू प्रायः तालिम प्राप्त र अनुभवी देखिए तापनि कक्षामा शैक्षिक सामग्रीको नियमित र योजनाबद्ध प्रयोगका विषयमा सबै शिक्षक समान रूपमा सचेत र सक्रिय रहेको पाइएन। अध्ययन अवधिमा अवलोकन र प्रश्नावलीबिचको समय अन्तर न्यून रहनुका साथै विद्यालयहरूलाई अवलोकनको सूचना अग्रिम रूपमा प्रदान गरिएकाले शिक्षकहरूले पूर्वतयारीसहित कक्षा सञ्चालन गरेका सम्भावना रह्यो, जसका कारण प्रश्नावली र अवलोकनबाट प्राप्त नतिजाबिचको अन्तर न्यून देखियो। यद्यपि अवलोकन पूर्वजानकारीविना गरिएको भए शिक्षकहरूको अभिव्यक्ति र व्यवहारबिचको अन्तर अझ स्पष्ट रूपमा देखिन सक्ने सम्भावना रहन्थ्यो । दैनिक रूपमा प्रयोग हुने आधारभूत सामग्रीहरू—जस्तै कालोपाटी, श्वेतपाटी, चक, मार्कर, डस्टर र पाठ्यपुस्तकको प्रयोग सबै शिक्षकहरूले नियमित रूपमा गरेका पाइए। तर तीभन्दा परका आधुनिक र विविध शैक्षिक सामग्रीहरूको प्रयोग भने अत्यन्त सीमित रह्यो । उपलब्ध सामग्रीहरूको प्रभावकारी उपयोगमा कमी हुनुका

साथै विद्यालयमा भण्डारण गरिएका शैक्षिक सामग्रीहरूको संरक्षण, व्यवस्थापन र प्रयोगमा पनि विद्यालय प्रशासन, अन्य विषयका शिक्षक तथा नेपाली भाषा शिक्षकको ध्यान न्यून रहेको देखियो। केही विद्यालयमा कम्प्युटर उपलब्ध भए तापनि तिनको अवस्था सन्तोषजनक देखिएनन् किनभने केही बिग्रिएका, केही मर्मतसम्भारविहीन रहेका र प्रयोगमा रहेका केही मात्र प्रशासनिक तथा लेखासम्बन्धी कार्यमा सीमित थिए। त्यस्तै टेपरेकर्डरजस्ता उपकरणहरू पनि प्रायः अङ्ग्रेजी विषय वा अतिरिक्त क्रियाकलापका लागि मात्र प्रयोग गरिएका देखिए, नेपाली भाषा शिक्षणमा भने ती साधनहरू लगभग प्रयोगविहीन थिए। समग्र रूपमा हेर्दा नेपाली भाषा शिक्षणमा विद्युतीय र आधुनिक शैक्षिक सामग्रीहरूको प्रयोग अत्यन्त न्यून र निराशाजनक पाइयो। सामग्री उपलब्ध हुँदाहुँदै पनि शिक्षकहरूमा रहेको इच्छाशक्ति, नवप्रवर्तनशीलता र पेशागत उत्तरदायित्वको कमी यस अवस्थाको प्रमुख कारण देखियो। यसबाट स्पष्ट हुन्छ कि तालिम प्राप्त र अनुभवी शिक्षकहरू हुँदाहुँदै पनि शिक्षण सामग्रीको सृजनात्मक र प्रभावकारी प्रयोगमा कमी रहँदा शिक्षण–सिकाइ प्रक्रियाको गुणस्तर प्रभावित भएको छ। त्यसैले नेपाली भाषा शिक्षणमा प्रयोग हुने सामग्रीको निर्माण, व्यवस्थापन र समयानुकूल प्रयोग सुधार गर्न आवश्यक देखिन्छ। साथै विद्यालय प्रशासन र समुदायले नेपाली विषयलाई गौण दृष्टिले हेर्ने प्रवृत्ति, शिक्षकहरूमा विद्यमान आत्महीनताबोध र नीति–स्तरमा सामग्री प्रयोगसम्बन्धी प्राथमिकताको अभावलाई सम्बोधन गर्न आवश्यक छ। शिक्षा ऐन, नियमावली र कार्यनीतिक दिशानिर्देशमार्फत शैक्षिक सामग्रीको प्रयोगको मात्रा र गुणस्तर दुवै बढाउन सकिने निष्कर्ष यस अध्ययनबाट स्पष्ट हुन्छ।

**दैनिक शिक्षण सामग्रीको प्रयोग स्थिति**

शिक्षण–सिकाइ प्रक्रियाका क्रममा केही शैक्षिक सामग्रीहरू यस्ता हुन्छन् जसको प्रयोग दैनिक रूपमा सबै विषयको शिक्षण–अधिगम प्रक्रियामा अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ। यी सामग्री शैक्षिक गतिविधिका लागि अपरिहार्य हुन्छन् अर्थात् यी सामग्रीबिनाको कक्षा सञ्चालन मूलभूत पूर्वशर्त हुन्छन्। यस अध्ययनका लागि तालिकामा प्रस्तुत तथ्याङ्कमा सरकारी र संस्थागत विद्यालयहरूलाई अलग अलग नछुट्याई समग्र रूपमा एकैसाथ प्रस्तुत गरी विश्लेषण गरिएको छ, जसले विद्यालयहरूको वास्तविक सामग्री प्रयोग प्रवृत्तिलाई समग्र रूपमा स्पष्ट पार्दछ।

**तालिका १**

*दैनिक शिक्षण सामग्रीको प्रयोग स्थिति*

| क्र.सं. | शैक्षिक सामग्रीको नाम | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रयोग गर्ने | प्रयोग नगर्ने | प्रयोग गर्ने प्रतिशत | प्रयोग नगर्ने प्रतिशत | प्रयोग गर्ने | प्रयोग नगर्ने | प्रयोग गर्ने प्रतिशत | प्रयोग नगर्ने प्रतिशत |
| १ | कालो/सेतो पाटी | ८ | – | १०० | ० | ८ | ०.० | १०० | ०.० |
| २ | मार्कर/चक डस्टर | ८ | – | १०० | ० | ८ | ०.० | १०० | ०.० |
| ३ | पाठ्यपुस्तक | ८ | – | १०० | ० | ८ | ०.० | १०० | ०.० |
| ४ | सन्दर्भ पुस्तक | ५ | ३ | ६२.५ | ३७.५ | २ | ६ | २५ | ७५ |
| | औसत | | | ९०.६ | ९.४ | – | – | ८१.२५ | १८.७५ |

*नोट :* तालिकामा उल्लेखित वस्तुहरू कक्षा सञ्चालनका लागि शिक्षकले प्रयोग गर्ने शैक्षिक सामग्री हुन्।

माथिको तालिकामा तनहुँ जिल्लाका छानिएका आठ विद्यालयमा गरिएको स्थलगत सर्वेक्षण र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कका आधारमा दैनिक प्रयोगमा आउने शैक्षिक सामग्रीको प्रयोग अवस्थालाई विश्लेषण गर्दा विद्यालयहरूले दैनिक रूपमा प्रयोग गर्ने आधारभूत सामग्रीजस्तै कालोपाटी, सेतोपाटी, चक, डस्टर र पाठ्यपुस्तकको प्रयोगमा कुनै कमी छैन। प्रश्नावली र कक्षा अवलोकन दुवैमा यी सामग्रीहरूको प्रयोग १०० प्रतिशत

देखिनुबाट शिक्षकहरूले कक्षा सञ्चालनमा यी सामग्रीलाई अनिवार्य उपकरणका रूपमा ग्रहण गरेका छन् भन्ने कुरा स्पष्ट हुन्छ। तर सन्दर्भ पुस्तक प्रयोगमा भने प्रश्नावली र प्रत्यक्ष अवलोकनबिच उल्लेखनीय अन्तर देखिन्छ। प्रश्नावलीमा सहभागी ८ मध्ये ५ जना (६२.५ प्रतिशत) शिक्षकले सन्दर्भ पुस्तक प्रयोग गर्ने बताएका भए पनि कक्षा अवलोकनमा २ जना (२५ प्रतिशत) ले मात्र प्रयोग गरेका पाइयो, जसले शिक्षकहरूको भनाइ र वास्तविक क्रियाकलापबिच करिब ९–१० प्रतिशत अन्तर रहेको पुष्टि गर्छ। यसरी प्रश्नावलीमा प्राप्त प्रतिक्रियाको औसत ९०.६ प्रतिशत भए पनि कक्षा अवलोकनमा वास्तविक प्रयोग ८१.२५ प्रतिशत मात्र देखिएको छ। अवलोकन तथा अन्तर्वार्ताका आधारमा, सामग्री प्रयोगमा विद्यालय प्रकार (सरकारी वा संस्थागत) अनुसार केही भिन्नता हुन सक्ने अनुमान गर्न सकिन्छ, जसले स्रोतको उपलब्धता र व्यवस्थापन क्षमताले सामग्री प्रयोगमा प्रत्यक्ष प्रभाव पार्ने सम्भावना जनाउँछ। आधारभूत सामग्री मात्र प्रयोग गर्ने प्रवृत्तिले शिक्षणलाई औपचारिक र यान्त्रिक बनाइदिने सम्भावना छ भने सन्दर्भ सामग्री वा अतिरिक्त शैक्षिक साधनको प्रयोग नगरी पाठ्यपुस्तकमै सीमित रहनुले सिकाइलाई सीमित र कम रोचक बनाउँछ। यसले पुष्टि गर्छ कि नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोग अझै पनि आधारभूत स्तरमै सीमित छ, शिक्षकहरूले सन्दर्भ सामग्री प्रयोग गर्ने भनेर प्रश्नावलीमा बताएका भए पनि कक्षा अभ्यासमा त्यस्तो प्रयोग न्यून छ। यसरी देखिएको अन्तरले शिक्षक तालिम र सामग्री प्रयोग गर्ने क्षमताको कमी, आर्थिक स्रोतको उपलब्धतासँग सम्बन्धित असमानता, शिक्षण–सिकाइको गुणस्तरमा देखिने चुनौती र सुधारका सम्भावनाहरू स्पष्ट पार्छ। समुदायको स्रोत परिचालन, पुस्तकालय सुदृढीकरण र शिक्षक तालिममार्फत सन्दर्भ सामग्री प्रयोगलाई व्यवस्थित गर्न सक्ने अवस्था रहेको हुँदा यी तथ्याङ्कले आगामी सुधारका उपायहरू पहिल्याउन आधार प्रदान गर्दछ।

**शिक्षण विधिअनुसार शैक्षिक सामग्रीको प्रयोग स्थिति**

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य र अपरिहार्य विषयमा शिक्षकहरू सैद्धान्तिक रूपमा सहमत भए पनि व्यावहारिक पक्ष पूर्ण सन्तोषजनक छैन। नमूना चयनमा परेका सबै शिक्षकहरूले तालिम प्राप्त गरेका भए पनि कक्षामा शैक्षिक सामग्री प्रयोगमा समान सचेतना देखिँदैन। दैनिक प्रयोग बाहेक अन्य शैक्षिक सामग्री र पाठ्यविधा प्रयोगको अवस्था तल प्रस्तुत गरिएको छ, जहाँ सामुदायिक र संस्थागत विद्यालयलाई नछुट्याई समग्र रूपमा एकै तालिकामा विश्लेषण गरिएको छ।

**तालिका २**

*विधागत रूपमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था*

| क्र.सं. | पाठ्यविधा | प्रश्नावलीबाट प्राप्त नतिजा | | | | कक्षा अवलोकनबाट प्राप्त नतिजा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रयोग गर्ने | प्रयोग नगर्ने | प्रयोग गर्ने प्रतिशत | प्रयोग नगर्ने प्रतिशत | प्रयोग गर्ने | प्रयोग नगर्ने | प्रयोग गर्ने प्रतिशत | प्रयोग नगर्ने प्रतिशत |
| १ | कविता | २ | ६ | २५.० | ७५.० | २ | ६ | २५.० | ७५.० |
| २ | कथा | ३ | ५ | ३७.५ | ६२.५ | १ | ७ | १२.५ | ८७.५ |
| ३ | प्रबन्ध/निबन्ध | ३ | ५ | ३७.५ | ६२.५ | १ | ७ | १२.५ | ८७.५ |
| ४ | जीवनी | २ | ६ | २५.० | ७५.५ | १ | ७ | १२.५ | ८७.५ |
| ५ | निवेदन/चिठी | ३ | ५ | ३७.५ | ६२.५ | १ | ७ | १२.५ | ८७.५ |
| ६ | एकाङ्की | २ | ६ | २५.० | ७५.५ | १ | ७ | १२.५ | ८७.५ |
| ७ | वदविवाद | १ | ७ | १२.५ | ८७.५ | १ | ७ | १२.५ | ८७.५ |
| ८ | व्याकरण | ३ | ५ | ३७.५ | ६२.५ | १ | ७ | १२.५ | ८७.५ |
| | औसत | – | – | २८.१३ | ७१.८७ | – | – | १३.१३ | ८६.८७ |

*नोट :* तालिकामा उल्लेखित वस्तुहरू कक्षा सञ्चालनका लागि शिक्षकले प्रयोग गर्ने शैक्षिक सामग्री हुन्।

माथिको तालिकामा प्रस्तुत तथ्याङ्कका आधारमा, तनहुँ जिल्लाका ८ जना शिक्षक, ८ जना प्रधानाध्यापक र ८ जना विद्यार्थी (कुल २४ जना) बाट प्राप्त जानकारी तथा कक्षा अवलोकनका नतिजाहरूको विश्लेषण गर्दा दैनिक प्रयोगबाहेक अन्य शैक्षिक सामग्री र पाठ्यविधाको प्रयोग अवस्था सामान्यभन्दा कमजोर देखियो । प्रश्नावलीका नतिजा अनुसार औसतमा २८.१३ प्रतिशत मात्र पाठ्यविधाहरू नियमित रूपमा प्रयोग गरिएको देखिन्छ भने ७१.८७ प्रतिशत पाठ्यविधाहरू कक्षामा प्रयोग भएका थिएनन् । कक्षा अवलोकनका नतिजा अनुसार वास्तविक प्रयोग अझ कम देखिएको छ, जसमा १३.१३ प्रतिशत मात्र पाठ्यविधाहरू प्रयोग भएका र ८६.८७ प्रतिशत प्रयोग नभएका पाइयो। विशेषगरी कविता केही बढी प्रयोग भएको देखियो तर कथा, प्रबन्ध/निबन्ध, जीवनी, निवेदन/चिठी, एकाङ्की, वादविवाद र व्याकरणजस्ता पाठ्य विधाहरूको प्रयोग अपेक्षाकृत न्यून रहनु, शिक्षण प्रक्रियामा विविधताको कमी रहेको सङ्केत गर्छ । यसले शिक्षक तालिम, समय व्यवस्थापन र स्रोतको अभाव जस्ता समस्याहरू उजागर गर्दछ। सैद्धान्तिक पक्ष (प्रश्नावलीबाट प्राप्त तथ्य) अनुसार शिक्षकहरूले कविता, कथा, प्रबन्ध/निबन्ध, जीवनी, निवेदन/चिठी, एकाङ्की, वादविवाद र व्याकरणजस्ता पाठ्यविधाहरू प्रयोग गर्ने प्रतिशत १२.५ प्रतिशतदेखि ३७.५ प्रतिशत रहेको देखिन्छ। औसतमा २८.१३ प्रतिशत शिक्षकहरूले दैनिक प्रयोग बाहेक अन्य पाठ्यविधाहरू प्रयोग गर्ने बताएका छन्। सबैभन्दा बढी प्रयोग व्याकरण र निवेदन/चिठीमा ३७.५ प्रतिशत देखियो । व्यावहारिक पक्ष (कक्षा अवलोकन) अनुसार वास्तविक प्रयोग प्रतिशत निकै कम देखियो । कविता २५ प्रतिशत, कथा १२.५ प्रतिशत, प्रबन्ध/निबन्ध १२.५ प्रतिशत, जीवनी १२.५ प्रतिशत, निवेदन/चिठी १२.५ प्रतिशत, एकाङ्की १२.५ प्रतिशत, वादविवाद १२.५ प्रतिशत, व्याकरण १२.५ प्रतिशत मात्र प्रयोग भएको पाइयो। औसत १३.१३ प्रतिशत शिक्षकहरूले दैनिक प्रयोगबाहेक अन्य पाठ्यविधा प्रयोग गरेको देखियो। यसरी देखिएको अन्तरले शिक्षक तालिम र दक्षता, स्रोतको उपलब्धता, शिक्षण–सिकाइको गुणस्तर र विद्यार्थीको भाषिक सिप विकासमा देखिने चुनौतीहरू प्रष्ट पार्छ। विद्यालय, शिक्षक र सरोकारवालाले पाठ्यविधाको प्रभावकारी प्रयोग सुनिश्चित गर्न विशेष ध्यान दिन आवश्यक देखिन्छ।

**शैक्षिक सामग्रीको उपयोगमा देखिएका अवरोधहरू र सुधारका उपायहरू**

भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रभावकारी प्रयोगले सिकाइलाई अर्थपूर्ण, आकर्षक र दीर्घकालीन बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षण–सिकाइ प्रक्रियामा सामग्रीको उचित उपयोगले विद्यार्थीमा जिज्ञासा र सक्रिय सहभागिता वृद्धि गर्नुका साथै सिप–आधारित सिकाइलाई बल पुर्‍याउँछ । यद्यपि विद्यालय तहमा यो अवधारणा सैद्धान्तिक रूपमा स्वीकार भए पनि व्यावहारिक कार्यान्वयन सन्तोषजनक देखिँदैन। विश्वसनीय कार्यान्वयनका क्रममा देखा पर्ने अवरोधहरू पार गर्न शिक्षक र शैक्षिक नेतृत्वद्वयको मानसिकता, दृष्टिकोण र व्यवहारमा परिवर्तन आवश्यक हुने कुरा Steiner (2021) ले पनि उल्लेख गरेका छन् । अध्ययनका परिणामहरूबाट स्पष्ट हुन्छ कि नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोग अपेक्षाकृत न्यून छ। धेरैजसो शिक्षकहरूले सामग्री प्रयोगलाई आवश्यक त मान्छन् तर कक्षा सञ्चालनमा व्यावहारिक रूपमा त्यसलाई आत्मसात् गर्न सकेका छैनन्। सामग्री अभाव, विद्यालय प्रशासनको प्राथमिकता अभाव, स्रोत व्यवस्थापनको कमी तथा शिक्षकहरूको उत्साह र नवप्रवर्तनशीलतामा देखिएको कमजोरी यस अवस्थाका मुख्य कारण हुन् । कतिपय विद्यालयमा कम्प्युटर, टेपरेकर्डर, चित्र, नक्सा वा परियोजना–सामग्रीहरू जस्ता साधनहरू उपलब्ध भए तापनि ती शिक्षण प्रयोजनमा प्रयोग नभई भण्डारणमै सीमित रहेका छन्। यसको एक कारण सामग्री संरक्षण र नियमित मर्मतसम्भारमा ध्यान नदिइनु पनि हो । शिक्षकहरूमा व्यावसायिक प्रतिबद्धताको कमी, तालिम र तालिमपछिको अनुप्रयोगमा कमजोरी, समय व्यवस्थापनमा समस्या र विद्यार्थीसङ्ख्या धेरै भएका कारण पनि सामग्रीको प्रयोगमा सहजता आउन सकेको छैन। यसका अतिरिक्त विद्यालयमा आवश्यक बजेटको अभाव, विद्युत वा प्रविधि पहुँचको कमी र विद्यालय प्रशासनको उदासीनताले पनि शैक्षिक सामग्रीको प्रभावकारी उपयोगमा बाधा पुर्‍याएको छ।

शैक्षिक सामग्रीको प्रभावकारी प्रयोग सुनिश्चित गर्न विद्यालय तहमा त्यसको योजना, निर्माण र उपयोगसम्बन्धी नियमित तालिम सञ्चालन आवश्यक देखिन्छ। शिक्षकलाई स्वनिर्मित सामग्री प्रयोगमा प्रोत्साहन गर्ने, विद्यालयले विषयगत स्रोतको अभिलेखीकरण गर्ने र स्थानीय स्रोतको

अधिकतम उपयोग गर्ने अभ्यास विकास गर्नुपर्छ । साथै विद्यालय प्रशासन र समुदायबिच सहकार्यमार्फत सामग्री खरिद, मर्मत तथा भण्डारणको व्यवस्थापनमा उत्तरदायित्व बाँडफाँट गर्न सकिए शिक्षणमा गुणात्मक सुधार सम्भव देखिन्छ । सरकारी नीति–निर्माताले शिक्षण सामग्री उपयोगलाई शिक्षक मूल्याङ्कन र निरीक्षणको अङ्गका रूपमा समेटेमा व्यावहारिक उपयोगमा थप प्रोत्साहन मिल्नेछ । यसरी हेर्दा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रभावकारी प्रयोगका अवरोध केवल स्रोत अभावका कारण नभई सोच, दृष्टिकोण र व्यवहारका तहमा पनि निहित छन् । अतः दीर्घकालीन सुधारका लागि शिक्षकको पेशागत सचेतना, विद्यालयको संस्थागत प्रतिबद्धता र नीतिगत स्तरमा प्राथमिकता पुनःनिर्धारण गर्नुपर्ने आवश्यकता स्पष्ट रूपमा देखिन्छ।

**शैक्षिक सामग्री व्यवस्थापनका आर्थिक चुनौतीहरू**

अध्ययनमा प्राप्त तथ्याङ्क अनुसार दरबन्दी प्राप्त विद्यालयहरूमा शिक्षकहरूको तलव तथा भत्ता जिल्ला शिक्षा कार्यालयमार्फत नियमित रूपमा उपलब्ध भए पनि सरकारी नीतिअनुसार विद्यालयले शुल्क सङ्कलन गर्न नपाउनु र शैक्षिक सामग्री खरिदका लागि छुट्टै बजेटको अभाव मुख्य चुनौतीका रूपमा देखिन्छ। यस परिस्थितिले विद्यालयलाई आवश्यक शैक्षिक सामग्री खरिद र व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पारिरहेको पाइयो । साथै अन्य शीर्षकबाट प्राप्त रकमलाई शैक्षिक सामग्री खरिदतर्फ विनियोजन गर्न सम्बन्धित सरोकारवालामा इच्छाशक्ति र प्राथमिकताको कमी हुनु आर्थिक चुनौतीको अर्को महत्त्वपूर्ण कारणको रूपमा उजागर भयो। आर्थिक चुनौतीको समाधानका लागि विद्यालयको वित्तीय संरचना मजबुत बनाउँदै आत्मनिर्भर बनाउन विशेष पहल आवश्यक देखिन्छ । यसका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक–अभिभावक समिति, स्थानीय अभिभावक, राजनीतिक दलका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायहरूको सक्रिय सहभागिता अपरिहार्य रहेको अध्ययनले देखाएको छ । सरकारबाट शैक्षिक सामग्री खरिदका लागि विशेष शीर्षकमा पर्याप्त बजेट विनियोजन गर्नुका साथै विद्यालय स्तरमा स्थानीय स्रोतबाट रकम सङ्कलन र प्रभावकारी व्यवस्थापन गर्न प्रावधान विकास गर्नु आवश्यक छ। स्रोत व्यवस्थापनबाट प्राप्त रकमको उचित उपयोग सुनिश्चित गर्दै भाषा शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामग्री निर्माण, सङ्कलन र खरिदलाई प्राथमिकतामा राख्न शिक्षकहरू सचेत हुनुपर्ने निष्कर्ष यस अध्ययनले दिएको छ। साथै स्थानीय रूपमा सहजै उपलब्ध हुने तथा कम लागतमा निर्माण गर्न सकिने शैक्षिक सामग्रीको प्रयोग प्रवर्द्धन गर्नु विद्यालयका लागि व्यावहारिक र दीर्घकालीन विकल्प सावित हुनसक्ने देखिन्छ। यसले सङ्केत गर्छ कि वित्तीय व्यवस्थापनमा सुधार र उपलब्ध स्रोतको प्रभावकारी प्रयोग नेपाली भाषा शिक्षणको गुणस्तर उकास्न अनिवार्य पक्षका रूपमा देखा परेको छ।

**सामग्री प्रयोगका समस्या र समाधान**

अध्ययनका तथ्याङ्क विश्लेषणका निष्कर्षका आधारमा आर्थिक र भौतिक पक्ष आपसमा गहिरो अन्तर्सम्बन्धित छन्, जसका कारण आर्थिक कमजोरीले विद्यालयको भौतिक व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पार्छ। तथापि हालको अवस्थाले अघिल्ला वर्षको तुलनामा अधिकांश विद्यालयमा भौतिक संरचनामा उल्लेखनीय सुधार आएको सङ्केत देखिन्छ। शर्मा र पौडेल (२०७२) का अनुसार शिक्षकहरूले तालिमकालमा सिकेका ज्ञान र सिपलाई विद्यालयमा व्यवहारमा उतार्न कठिनाई महसुस गर्छन्, जसको मुख्य कारण आर्थिक अभाव, निष्क्रिय व्यवस्थापन, कमजोर भौतिक संरचना, अत्यधिक शिक्षण भार र पेशागत तत्परताको कमी रहेको बताइएको छ । यस अध्ययनका क्रममा पाइएको तथ्याङ्कअनुसार अधिकांश विद्यालयका भवनहरू सुरक्षित र प्रयोगयोग्य छन्। धेरै विद्यालयमा पर्याप्त कक्षाकोठा उपलब्ध भइसकेका छन् भने झ्याल–ढोका जडान र आधारभूत पूर्वाधारले कक्षाको वातावरणलाई सुरक्षित र अनुकूल बनाएको छ । यद्यपि केही विद्यालयमा अझै पनि कक्षाकोठा पर्याप्त र बालमैत्री नभएको, विद्यार्थीको उमेर र कक्षानुसार उपयुक्त फर्निचर पर्याप्त नभएको, पुस्तकालयको व्यवस्थापन सन्तोषजनक नभएको र कक्षामा शैक्षिक सामग्री प्रदर्शन गर्न उपयुक्त ठाउँको अभाव रहेको देखिन्छ। त्यसैगरी कतिपय विद्यालयमा शैक्षिक सामग्री सुरक्षित राख्न छुट्टै दराज वा सामग्री कक्षको अभाव, शौचालयको नियमित सरसफाइमा कमी र खानेपानी आपूर्तिको निरन्तरतामा समस्या देखिएका छन् । प्रश्नावली र प्रत्यक्ष कक्षा अवलोकनबाट प्राप्त निष्कर्षका आधारमा भौतिक संरचनामा आएको सुधारले

शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगमा सहजता ल्याएको भए पनि केही विद्यालयमा पूर्वाधारको गुणस्तर र व्यवस्थापन अझै सुधारको आवश्यकता देखिन्छ। यसकारण विद्यालय व्यवस्थापन समिति, शिक्षक–अभिभावक समिति, स्थानीय समुदाय, जिल्ला समन्वय समिति र अन्य सरोकारवाला निकायहरूको निरन्तर सहयोग, निगरानी र समन्वय अपरिहार्य छ । पर्याप्त र गुणस्तरीय कक्षाकोठा, बालमैत्री फर्निचर, पुस्तकालय, विज्ञान प्रयोगशाला तथा समूहगत सिकाइका लागि छुट्टै हलको व्यवस्थापनले शैक्षिक सामग्रीको प्रभावकारी र दीगो उपयोगमा अझ महत्त्वपूर्ण तथा सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

**व्यवस्थापनका समस्या र समाधान**

यस अध्ययनले हालको राजनीतिक अस्थिरताले विद्यालयको सञ्चालन र व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पारिरहेको तथ्य उजागर गरेको छ । विद्यालयको नियमित सञ्चालन मात्र नभई शिक्षणलाई सुव्यवस्थित, प्रभावकारी, दिगो र उपलब्धिमुखी बनाउन प्रशासनिक पक्षको सक्रिय र जिम्मेवार भूमिका अपरिहार्य रहेको तथ्य अध्ययनले पुष्टि गरेको छ । तथापि विद्यालय व्यवस्थापन र प्रशासनिक संरचनाको कमजोर क्रियाशीलताले शैक्षिक सामग्रीको प्रभावकारी प्रयोगमा नकारात्मक असर पारेको तथ्याङ्क प्राप्त भएको छ। अवलोकन र प्रश्नावलीका नतिजाहरूको विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा पाठ्यपुस्तक, पाठ्यक्रम र शिक्षक निर्देशिका समयमै उपलब्ध नहुनु, विद्यालयहरूको नियमित अनुगमन र पृष्ठपोषणको कमी तथा शैक्षिक सामग्रीलाई प्राथमिकतामा नदिने प्रवृत्तिले व्यवस्थापकीय चुनौतीलाई अझ जटिल बनाएको छ। यी चुनौतीहरूको समाधानका लागि विद्यालयहरूलाई राजनीतिक प्रभावबाट मुक्त गर्दै पारदर्शी र व्यावसायिक वातावरण निर्माण गर्नु अनिवार्य देखिन्छ। यसको अतिरिक्त शिक्षा मन्त्रालय, शिक्षा विभाग, प्रदेश शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबिच समन्वय बढाइ शैक्षिक सामग्री निर्माण र प्रयोगलाई सहज र प्रभावकारी बनाउन आवश्यक छ। विद्यालय निरीक्षण र कक्षा अवलोकनलाई नियमित गर्दै शिक्षकलाई व्यावहारिक सहयोग र पृष्ठपोषण प्रदान गर्नुपर्ने देखिन्छ । शिक्षकहरूको कार्यभार घटाएर अध्यापनलाई अधिकतम चार पिरियडमा सीमित गर्ने व्यवस्था लागू गर्दा नयाँ सामग्री निर्माण र तयारीका लागि पर्याप्त समय उपलब्ध हुनेछ । अध्ययनका निष्कर्षअनुसार संस्थागत विद्यालयमा कार्यरत नेपाली भाषा शिक्षकहरूको स्थिर सेवा र सुविधा सुनिश्चित गर्नु आवश्यक छ । यसैगरी शैक्षिक सामग्री निर्माण र प्रयोगलाई प्रभावकारी बनाउन प्रोत्साहन र दण्डको स्पष्ट प्रणाली अवलम्बन गर्नु आवश्यक देखिन्छ। साथै सरकारी तहबाट नियमित तालिम र अभिमुखीकरण प्रदान गर्नु शिक्षकहरूको क्षमता विकास र शैक्षिक गुणस्तर सुधारमा योगदान पुऱ्याउने महत्त्वपूर्ण उपाय हुनेछ।

**अनुगमन र निरीक्षण सुधार**

प्रस्तुत अध्ययनका आधारमा शिक्षण–सिकाइ प्रक्रियाको गुणस्तर र प्रभावकारिता अभिवृद्धिमा विद्यालय निरीक्षण र अनुगमनको अत्यन्त महत्त्वपूर्ण भूमिका रहन्छ। कुनै पनि शैक्षिक संस्थालाई व्यवस्थित, दिगो र परिणाममुखी रूपमा सञ्चालन गर्न नियमित तथा योजनाबद्ध निरीक्षण अपरिहार्य मानिन्छ । सम्बन्धित निकायबाट जारी गरिने निर्देशन र सुझावलाई कार्यान्वयन गराउन प्रभावकारी निरीक्षण प्रणालीको स्थापना आवश्यक देखिन्छ । तर अध्ययनबाट प्राप्त तथ्याङ्कहरूले विद्यालयहरूमा निरीक्षण र अनुगमनको न्यूनता वा अभावका कारण शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगमा विभिन्न समस्या र अवरोध देखा परेको प्रमाणित गरेको छ। यस्ता समस्या समाधानका लागि विद्यालयस्तरमा नियमित, व्यवस्थित र पारदर्शी अनुगमन प्रणाली विकास गर्नु अत्यावश्यक देखिन्छ। सुधारका दृष्टिले हेर्दा निरीक्षणको गुणस्तर अभिवृद्धिका लागि सम्बन्धित निकायहरूले नीतिगत स्पष्टता कायम गर्दै अनुगमन प्रक्रियामा दृढता, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नुपर्छ। साथै निरीक्षण तथा अनुगमनको क्रममा शिक्षकहरूलाई शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोगसम्बन्धी प्राविधिक सहयोग र व्यावहारिक सुझाव प्रदान गर्नुपर्ने देखिन्छ। त्यस्तै कक्षामा शैक्षिक सामग्रीको प्रयोगप्रति न्यून चासो देखाउने शिक्षकहरूलाई निरीक्षण र अनुगमन प्रक्रियामार्फत प्रेरित गर्दै शैक्षिक सामग्री प्रयोगको संस्कृति र व्यावसायिक उत्तरदायित्व प्रवर्द्धन गर्न सकिन्छ । यसरी प्रभावकारी निरीक्षण र अनुगमन प्रणालीले शिक्षण–सिकाइको गुणस्तर सुधार र विद्यालय व्यवस्थापनको कार्यक्षमता दुवैलाई सुदृढ गर्न सहयोग पुऱ्याउने निष्कर्ष निकाल्न सकिन्छ।

### मूल्याङ्कनका चुनौती र समाधान

अध्ययनका क्रममा सूचकहरूसँग गरिएको अन्तर्क्रियाबाट प्राप्त तथ्याङ्कअनुसार परिश्रमी, लगनशील र मिहिनेती शिक्षकहरूको उचित मूल्याङ्कन नहुँदा उनीहरूमा शैक्षिक सामग्री प्रयोगप्रति प्रेरणा घटेको देखिन्छ। मिहिनेत गर्ने र नगर्ने शिक्षकलाई समान दृष्टिकोणले मूल्याङ्कन गर्ने प्रवृत्तिले सक्रिय, परिणाममुखी र सिर्जनशील शिक्षकहरूको मनोबल कमजोर बनाएको पाइयो। फलस्वरूप उनीहरू पनि शैक्षिक सामग्री प्रयोगमा निरुत्साहित बन्न पुगेका छन्। यस समस्याको समाधानका लागि विद्यालय प्रशासन र सम्बन्धित निकायहरूले शिक्षकहरूको वास्तविक योगदान, दक्षता र परिश्रमका आधारमा निष्पक्ष, नियमित र पारदर्शी मूल्याङ्कन प्रणाली लागू गर्न आवश्यक देखिन्छ। शैक्षिक सामग्री प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउने शिक्षकहरूलाई पुरस्कार, सम्मान वा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नु उपयुक्त ठहरिन्छ। बराल (२०६८) का निष्कर्षहरूसँग मेल खाने गरी यस अध्ययनले पनि आर्थिक अभाव, शिक्षक निर्देशिकाको कमी, तालिमबाट प्राप्त ज्ञान र सिपको व्यवहारमा रूपान्तरण नहुने प्रवृत्ति तथा राजनीतिक भागबण्डाका कारण योग्य शिक्षकको अभावलाई प्रमुख चुनौतीका रूपमा पहिचान गरेको छ। यी चुनौतीहरू समाधान गर्न सशक्त मूल्याङ्कन प्रणाली, व्यावसायिक प्रोत्साहन र नीतिगत सुधारका उपायहरू अवलम्बन गर्नु अपरिहार्य देखिन्छ।

### व्यावसायिक उत्तरदायित्वको अभाव

अध्ययनमा सहभागी शिक्षकहरूसँग गरिएको अन्तर्वार्ता विश्लेषणका आधारमा शिक्षण पेशाप्रतिको उत्तरदायित्वमा कमी देखिएको छ। शिक्षण पेशा स्वभावतः संवेदनशील, उत्तरदायी र समाज रूपान्तरणसँग सम्बन्धित मानिँदा पनि केही शिक्षकहरूले आफ्नो भूमिकाप्रति आवश्यक प्रतिबद्धता र दायित्वबोध प्रदर्शन गर्न नसकेको पाइयो। परिणामस्वरूप शैक्षिक सामग्रीको प्रभावकारी प्रयोगमा अवरोध उत्पन्न भएको छ। यस समस्याको समाधानका लागि शिक्षकहरूमा पेशाप्रतिको गर्व, समर्पण र व्यावसायिक प्रतिबद्धता विकास गर्नु अत्यावश्यक देखिन्छ। शिक्षण कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य भएकाले शिक्षकहरूले आफ्नो व्यावसायिक दायित्वप्रति स्पष्ट बोध राखी निष्ठा, अनुशासन र उत्तरदायित्वका साथ शिक्षण पेशामा संलग्न रहनु आवश्यक छ। यसरी व्यावसायिक उत्तरदायित्वको सुदृढीकरणले शिक्षण–सिकाइको गुणस्तर अभिवृद्धि र विद्यालय शिक्षाको समग्र प्रभावकारितामा प्रत्यक्ष योगदान पुऱ्याउने हुँदा शिक्षकहरूले आफ्नो पेशागत दायित्वप्रतिको स्पष्ट बोध राखी निष्ठापूर्वक शिक्षण पेशामा समर्पित हुनुपर्ने आवश्यकता देखिन्छ।

### परम्परागत सोच र त्यसको प्रभाव

अध्ययन क्षेत्रका विद्यालयहरूमा गरिएको कक्षा अवलोकनका आधारमा नेपाली भाषा शिक्षणमा अझै पनि परम्परागत शिक्षण पद्धतिको प्रभाव स्पष्ट रूपमा देखिएको छ। अधिकांश शिक्षकहरूले पाठ्यपुस्तकमै आधारित व्याख्यान विधि प्रयोग गर्ने प्रवृत्ति कायम राखेका छन्, जसका कारण कक्षाको वातावरण एकपक्षीय, शिक्षककेन्द्रित र कम सहभागितामूलक बनेको पाइयो। शैक्षिक सामग्रीको सीमित प्रयोग वा प्रयोग नहुनुले विद्यार्थीहरूको सक्रियता घटाउँदै सिकाइको गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ। यस समस्याको समाधानका लागि दीर्घकालीन रूपमा स्थापित परम्परागत सोच र अभ्यासमा रूपान्तरण आवश्यक छ। शिक्षकहरूलाई पूर्वसेवाकालीन तथा सेवाकालीन तालिममार्फत शैक्षिक सामग्रीको प्रयोगसम्बन्धी व्यावहारिक सिप प्रदान गर्नुपर्छ। साथै कक्षा शिक्षणलाई रोचक, उद्देश्यपूर्ण र उपलब्धिमूलक बनाउन नवीन शिक्षण विधि र सामग्री प्रभावकारी रूपमा प्रयोग गर्ने शिक्षकहरूलाई पुरस्कार, सम्मान वा प्रोत्साहनका कार्यक्रममार्फत प्रेरित गर्न सकिन्छ। त्यस्तै परम्परागत सोचमा स्थिर रहने शिक्षकहरूलाई व्यावसायिक परामर्श, मार्गदर्शन र निरन्तर अनुगमनमार्फत सुधारतर्फ उन्मुख गराउन आवश्यक देखिन्छ। यसरी शिक्षण–सिकाइ प्रक्रियामा परम्परागत सोचको प्रभाव घटाउँदै नवप्रवर्तनमुखी दृष्टिकोण अपनाउने कार्यले शैक्षिक सामग्री प्रयोगको प्रभावकारिता र शिक्षणको गुणस्तर दुवैमा सकारात्मक रूपान्तरण ल्याउने अपेक्षा गर्न सकिन्छ।

### सामग्री प्रयोगको अवस्था

कक्षा अवलोकनका क्रममा प्राप्त तथ्यका आधारमा अधिकांश शिक्षकहरूले शैक्षिक सामग्री प्रयोग गर्ने दाबी गरे पनि व्यवहारमा त्यसको प्रभावकारी प्रयोग अत्यन्त न्यून रहेको छ। दैनिक प्रयोगमा आउने सामान्य सामग्री जस्तैः चक, कालोपाटी र पाठ्यपुस्तक नियमित रूपमा प्रयोग भए

तापनि रचनात्मक र सहायक शैक्षिक सामग्रीको उपयोग नगर्ने प्रवृत्ति सामान्य रूपमा देखियो । यसले सिकाइलाई रुचिकर, प्रभावकारी र सहभागी बनाउने अवसरलाई सीमित गरेको छ। यस अवस्थाको सुधारका लागि विद्यालय प्रशासनले शैक्षिक सामग्रीको व्यवस्थापन, खरिद, संरक्षण र नियमित प्रयोगमा प्राथमिकता दिन आवश्यक देखिन्छ। साथै जिल्ला शिक्षा कार्यालय तथा स्रोत केन्द्रका निरीक्षक र स्रोतव्यक्तिहरूलाई सक्रिय बनाई नियमित अनुगमन, परामर्श र पृष्ठपोषणको प्रणाली सुदृढ गर्न जरुरी छ । अध्ययनका तथ्यहरूले देखाउँछन् कि नेपाली भाषा शिक्षणमा परम्परागत व्याख्यान–केन्द्रित विधि अझै पनि प्रमुख रूपमा प्रचलित छ, जसले शैक्षिक सामग्रीको प्रयोगलाई गौण बनाएको छ। प्रश्नावलीका उत्तर र प्रत्यक्ष अवलोकनबिच देखिएको अन्तरले शिक्षकहरूको प्रतिबद्धता र व्यवहारबिचको असन्तुलनलाई स्पष्ट रूपले उजागर गरेको छ।

## निष्कर्ष

यस अध्ययनबाट प्राप्त तथ्यहरूका आधारमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग सैद्धान्तिक रूपमा शिक्षकहरूले महत्त्वपूर्ण माने तापनि व्यावहारिक रूपमा यसको प्रयोग सन्तोषजनक छैन । अध्ययनमा समावेश विद्यालयहरूमा दैनिक प्रयोग हुने आधारभूत सामग्रीजस्तै कालोपाटी, चक, डस्टर र पाठ्यपुस्तकको प्रयोग नियमित रूपमा देखिए पनि आधुनिक, विविध र रचनात्मक शैक्षिक सामग्रीहरूको प्रयोग अत्यन्त न्यून छ । सन्दर्भ पुस्तक, चित्र, नक्सा, कम्प्युटर, टेपरेकर्डर, प्रोजेक्टर आदि उपकरणहरू विद्यालयमा उपलब्ध हुँदाहुँदै पनि तिनको प्रभावकारी उपयोग नगर्नु नेपाली भाषा शिक्षणको एउटा प्रमुख चुनौतीका रूपमा देखिएको छ। शिक्षकहरूले शैक्षिक सामग्रीको प्रयोगका विषयमा सकारात्मक दृष्टिकोण राखे पनि तालिमपछि त्यसको व्यावहारिक प्रयोगमा निरन्तरता दिन नसक्नु, समय अभाव, स्रोत–साधनको कमी, विद्यालय प्रशासनको उदासीनता र सामग्रीको संरक्षणमा बेवास्ता हुनु जस्ता कारणले व्यवहारमा सुधार आउन सकेको छैन । साथै नेपाली विषयलाई अन्य विषयहरूभन्दा गौण ठान्ने दृष्टिकोणले पनि शिक्षण सामग्री प्रयोगमा नकारात्मक प्रभाव पारेको छ । फलस्वरूप अधिकांश शिक्षक अझै पनि पाठ्यपुस्तक केन्द्रित परम्परागत शिक्षण पद्धतिमा सीमित छन्, जसले विद्यार्थीहरूको जिज्ञासा, सृजनशीलता र भाषिक सिप विकासमा अवरोध पुऱ्याएको छ। यी सबै पक्षहरूको विश्लेषणले के देखाउँछ भने नेपाली भाषा शिक्षणलाई प्रभावकारी, जीवन्त र सहभागितामूलक बनाउन शैक्षिक सामग्रीको नियमित, योजनाबद्ध र सृजनात्मक प्रयोग अनिवार्य छ। शिक्षण सामग्रीको उपयोगले विद्यार्थीहरूको सिकाइमा सक्रियता ल्याउँछ, ज्ञानलाई दीगो बनाउँछ र भाषिक दक्षता विकासमा सहयोग पुऱ्याउँछ। त्यसैले नेपाली भाषा शिक्षणका सम्पूर्ण तहमा शैक्षिक सामग्री प्रयोगलाई शिक्षण–सिकाइको अभिन्न अङ्गका रूपमा स्थापित गर्न आवश्यक देखिन्छ।

## सिफारिस

यस अध्ययनका निष्कर्षका आधारमा केही व्यावहारिक सिफारिसहरू प्रस्ताव गर्न सकिन्छ । पहिलो शिक्षक तालिम र पुनर्तालिम कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गरी शिक्षकहरूलाई शैक्षिक सामग्री निर्माण, प्रयोग र मूल्याङ्कनमा दक्ष बनाउनुपर्छ। तालिममा व्यवहारिक पक्षमा जोड दिँदा शिक्षकहरूले दैनिक कक्षामा सामग्री प्रयोगको अभ्यास गर्न सक्ने वातावरण सिर्जना हुन्छ। दोस्रो विद्यालयहरूले स्थानीय रूपमा उपलब्ध स्रोत र वस्तुहरूको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ । चित्र, नक्सा, समाचार, विज्ञापन, लोककथा वा सांस्कृतिक सामग्री जस्ता स्थानीय स्रोतहरू नेपाली भाषा शिक्षणमा प्रभावकारी शैक्षिक सामग्री बन्न सक्छन्। तेस्रो विद्यालय–समुदायबिच सहकार्य सुदृढ गरी शैक्षिक सामग्री खरिद, संरक्षण र मर्मतसम्भारको जिम्मेवारी साझा रूपमा निर्वाह गर्नुपर्छ। यसले विद्यालयमा सामग्रीको दिगोपनामा टेवा पुऱ्याउँछ । चौथो प्रविधिको प्रयोगलाई शिक्षणको नियमित अभ्यासमा समावेश गर्नुपर्छ। कम्प्युटर, इन्टरनेट, मल्टिमिडिया र डिजिटल सामग्रीहरूको उपयोगले नेपाली भाषा शिक्षणलाई आधुनिक र आकर्षक बनाउँछ। पाँचौँ शैक्षिक नीतिमा सुधारका पहल आवश्यक छन् । शैक्षिक सामग्री प्रयोगलाई शिक्षक मूल्याङ्कन र विद्यालय निरीक्षणका सूचकका रूपमा समावेश गर्न सकेमा यसको नियमितता र जिम्मेवारीबोध बढ्नेछ। अन्ततः विद्यालय पुस्तकालयलाई सुदृढ पार्दै सन्दर्भ स्रोतहरूको पहुँच सहज बनाउनुपर्छ, जसले शिक्षक र विद्यार्थी दुवैलाई खोज, अध्ययन र सामग्री प्रयोगमा प्रोत्साहन प्रदान गर्नेछ । यी सिफारिसहरूको प्रभावकारी कार्यान्वयनले नेपाली भाषा शिक्षणलाई सहज र जीवन्त बनाउनुका साथै विद्यार्थीमा भाषिक दक्षता, सृजनात्मकता, समालोचनात्मक सोच र आत्मविश्वास विकासमा पनि दीर्घकालीन योगदान पुऱ्याउनेछ।

## सन्दर्भ सूची


नेपाल सरकार, शिक्षा मन्त्रालय (२०४८). *रेडियो शिक्षण तालिम पुस्तिका*।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०५५). *प्राथमिक शिक्षक तालिम पुस्तिका*।

बराल, हिरण्यप्रसाद (२०६८). *सर्लाही जिल्लाका कक्षा ६ मा भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययन* (स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र). त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६०). *नेपाली भाषा र साहित्य शिक्षण*. न्यू इन्टरप्राइजेज।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७२). *नेपाली भाषा र साहित्य शिक्षण*. विद्यार्थी पुस्तक भण्डार।

Ananda, N., Kobayashi, S., Mishra, A. K., & Aithal, P. S. (2023). Mandala in operation of web3.0. *International Journal of Case Studies in Business, IT, and Education (IJCSBE), 7*(1), 220–229. https://doi.org/10.5281/zenodo.7727160

Ananda, N., Mishra, A. K. & Aithal, P. S. (2025a). AI architecture for educational transformationin higher education institutions. *Poornaprajna International Journal of Management, Education &Social Science (PIJMESS), 2*(2), 58–73. https://doi.org/10.5281/zenodo.16976456

Ananda, N., Mishra, A. K. & Aithal, P. S. (2025b). Mandala principle in artificial intelligence: A framework for social knowledge preservation, management, and transferin learning systems. *Poornaprajna International Journal of Emerging Technologies (PIJET), 2*(2), 45–55. https://doi.org/10.5281/zenodo.17101317

Choppin, J. (2022). The role of instructional materials in the relationship between the official curriculum and the enacted curriculum. *Curriculum Inquiry, 52*(1), 1–22. https://doi.org/10.1080/10986065.2020.1855376

Copriady, J., Zulnaidi, H., Alimin, M., & Albeta, S. W. (2021). In-service training and teaching resource proficiency amongst chemistry teachers: The mediating role of teacher collaboration. *Heliyon*, 7(5), e06995. https://doi.org/10.1016/j.heliyon.2021.e06995

Garay Abad, L., & Hattie, J. (2025). The impact of teaching materials on instructional design and teacher development. *Frontiers in Education, 10*, Article 1577721. https://doi.org/10.3389/feduc.2025.1577721

Kathirvel, K., & Hashim, H. (2020). The use of audio-visual materials as strategies to enhance speaking skills among ESL young learners. *Creative Education, 11*(12), 2599–2608. https://doi.org/10.4236/ce.2020.1112192

Kobayashi, K. (2023). Learning by creating teaching materials: Conceptual problems and potential solutions. *Frontiers in Psychology, 14*, Article 1095285. https://doi.org/10.3389/fpsyg.2023.1095285

Lamichhane, S. (2025). Challenges to implement technology assisted English language teaching in Nepal: An explorative study. *Studies in ELT and Applied Linguistics, 2*(2), 156–170. https://doi.org/10.3126/seltal.v2i2.74087

Mishra, A. K., & Ananda, N. (2022). Be prepared for futuristic sustainable academic operation. *Proceedings of the 9th International Conference on Modern Education and New LearningTechnologies* (pp. 63–67). https://doi.org/10.5281/zenodo.7748843

Nunan, D. (1988). *Syllabus design*. Oxford University Press.

Olayinka, A. B. (2017). Effects of instructional materials on secondary schools students' academic achievement in social studies in Ekiti State, Nigeria. *World Journal of Education, 6*(1), 32–39. https://doi.org/10.5430/wje.v6n1p32

Richards, J. C. (2001). *Curriculum development in language teaching*. Cambridge University Press.

Steiner, D. (2021). The unrealized promise of high-quality instructional materials: Overcoming barriers to faithful implementation requires changing teacher and leader mind-sets. *State Education Standard, 24*(1), 1–4.